शुभारम्भ...शिवम्‌सँग

SHIVAM CEMENT
ASALI OPC CEMENT
SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मितिः २०८०।१०।१६ गते ।

च. नं. २६८/०८०/०८१

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरवार प्लाजा, काठमाडौं ।

**विषयः आ.व. २०७९/०८० को वार्षिक साधारण सभाको काम कारवाहिको विवरण ( माइन्युट) पठाइएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको मिति २०८०।०९।२७ मा सम्पन्न भएको आ.व. २०७९।०८० (आठौं वार्षिक साधारण सभा) को काम कारवाहीको विवरण ( माइन्यूट) को प्रति यसै साथ संम्लग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ। साथै उक्त काम कारवाहीको विवरण (माइन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम शेयरधनीहरुको जानकारीका लागी २०८०।१०।१७ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछौं ।

**सम्लग्नः**

१. आ.व. २०७९।०८० को वार्षिक साधारण सभाको निर्णयको प्रति ।

सहयोगका लागि धन्यवाद ।

भवदीय,

SHIVAM CEMENTS LIMITED * NEPAL *

(लेखनाथ अर्याल)

कम्पनी सचिव

# कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम शिवम् सिमेन्ट्स लिमिटेडको आठौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) शेयरधनी महानुभावहरुको जानकारीका लागि प्रकाशित गरिएको

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट

**१. सभाको प्रारम्भः**
कम्पनी संचालक समितिको मितिः २०८०।०९।०३ गते बसेको १२३ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ.व. २०७९।०८० को (आठौं) वार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम यस शिवम सिमेन्ट्स लिमिटेडका सञ्चालक समितिका अध्यक्ष श्री गौरव गोयलको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो :

**२. सभाको मिति, स्थान र समय :**

| | |
|---|---|
| मिति | : २०८० साल पौष २७ गते, शुक्रबार (१२ जनवरी २०२४) |
| स्थान | : राष्ट्रिय सभा गृह, प्रर्दशनी मार्ग, काठमाडौं । |
| समय | : बिहान ९ : ०० बजे । |

**३. सभाको सूचनाः**
कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभाको सूचना तथा आ. व. २०७९।०८० को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मितिः २०८०।०९।०४ गतेको नेपाल समाचारपत्र राष्ट्रिय र मितिः २०८०।०९।०५ गतेको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचि सहितको सूचना शेयरधनी महानुभावहरुमा जानकारीका लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषय तथा प्रस्तावहरु :**

**(क) सामान्य प्रस्तावहरुः**
(१) कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व.२०७९।०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७९।०८० को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
(३) कम्पनीको आ. व. २०८०।०८१ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
(४) कम्पनीमा कायम शेयरधनीहरुलाई आ. व. २०७९।०८० को मुनाफा रकमबाट चुक्ता पूँजी रु. ४,४०,००,००,००० (चार अरब चालिस करोड मात्र) को ०.७५ (शून्य दशमलव सात पाँच) प्रतिशतका दरले हुन आउने रकम रु. ३,३०,००,०००।– (तीन करोड तीस लाख मात्र) नगद लाभाँस (वोनस शेयर वितरण गर्दा लाग्ने र नगद लाभाँसमा लाग्ने कर प्रयोजनका लागि) नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
(५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोवार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
(६) विविध ।

**(ख) विशेष प्रस्तावहरुः**
(१) कम्पनी सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०७९।०८० सम्मको मुनाफा रकम Retained Earning बाट चुक्ता पूँजी रु. ४,४०,००,००,०००। (चार अर्ब चालिस करोड मात्र) को १४.२५% (चौध दशमलव दुई पाँच) प्रतिशतका दरले हुन आउने रु. ६२,७०,००,०००।– (बैसठ्ठी करोड सत्तरी लाख) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
(२) प्रबन्ध पत्र संशोधन सम्बन्धि विशेया प्रस्ताव :
(क) प्रस्तावित वोनस शेयर जारी गर्ने भए पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम प्रबन्ध पत्र को दफा ६ को (ख) र ६ को (ग) संशोधन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

**(ग) विविध :**

**५. उपस्थितीः (क) सञ्चालकहरुः**

| | |
|---|---|
| (१) श्री गौरव गोयल | अध्यक्ष |
| (२) श्री रघुनन्दन मारु | सञ्चालक तथा प्रबन्ध निर्देशक |
| (३) श्री रोहित गुप्ता | सञ्चालक सदस्य |
| (४) श्री गौरव शारडा | सञ्चालक सदस्य |
| (५) श्री शैलजा राई | सञ्चालक सदस्य |
| (६) श्री चन्द्र कुमार घिमिरे | स्वतन्त्र सञ्चालक |

**(ख) कम्पनी व्यवस्थापन तह**

| | |
|---|---|
| (१) श्री प्रकाश नारायण छाङ्गानी | कार्यकारी निर्देशक |
| (२) श्री लेखनाथ अर्याल | कम्पनी सचिव |
| (३) श्री ई. नवल किशोर चौधरी | उत्पादन प्रमुख |
| (४) श्री ई. रामजी प्रसाद चौधरी | माइन्स प्रमुख |
| (५) श्री निखिल अग्रवाल | सेल्स एण्ड मार्केटिंग प्रमुख |
| (६) श्री सि.ए. ज्योति थापा | वित्त तथा लेखा प्रमुख |

**(ग) शेयरधनीहरुको उपस्थितिः** जम्मा उपस्थित सख्याः १०२ जना

**६. गणपुरक संख्या :**

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति संख्या | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयर धनीहरुको संख्या | ५७,५२३ जना । | १०२ जना | ६१.६२ % (एकसाठ्ठी दशमलव छ दुई) प्रतिशत । |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४,४०,००,००० | २,७१,१४,७६९ | |

**७. सभाको बैधानिकता र सभाको अध्यक्षताः**
(क) कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाइएकोमा नियमावलीको नियम नं २३ अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ७ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको आठौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरु स्वयम् र प्रतिनिधी (प्रोक्सी) समेतको संख्या १०२ जना भएको र कूल शेयरको ६१.६२ % (एकसाठ्ठी दशमलव छ दुई) प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको सभालाई जानकारी गराउनु भएको ।

(ख) कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, लेखापरीक्षक, कार्यकारी निर्देशक, विभागीय प्रमुखहरुको जिम्मेवारीमा रहनु भएका अधिकृतहरुको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको काम अगाडी बढाउनु भयो ।

(ग) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको आठौं वार्षिक साधारण सभा शुरु गर्न अध्यक्ष श्री गौरव गोयललाई कम्पनी सचिवले अनुरोध गर्दा अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्दै सभा संचालन गर्न कम्पनी सचिवलाई निर्देशन गर्नु भयो ।

**८. आ. व. २०७९।०८० को वार्षिक प्रतिवेदनको प्रस्तुती :**
सभाका अध्यक्षले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०७९।०८० को सञ्चालक समितिको प्रतिवेदन तथा चालु आ. व. २०७९।०८० को हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा आफ्नो मन्तव्य सहित पढेर सुनाउनु भयो ।

**९. छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभवहरु :**
(क) तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ. व. २०७९।०८० को सञ्चालक समितिको प्रतिवेदन, २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०७९।०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।
(ख) छलफलमा सहभागि हुने शेयरधनी महानुभावहरुको नाम :

| | | |
|---|---|---|
| (१) श्री शत्रुघन श्रेष्ठ | (२) श्री निरुपमा गुप्ता | (३) श्री नरसिंह लाल चँखु |
| (४) श्री व्यास कुमार शर्मा | (५) श्री बैजनाथ रौनियार | (६) श्री इन्द्र कृष्ण श्रेष्ठ |
| (७). श्री उत्तम पाठक | (८) श्री गुणराज भट्ट | (९) श्री विशेष अमात्य |
| (१०) श्री अमिरदास रञ्जीत | (११) श्री रोजकुमार श्रेष्ठ | (१२) श्री डम्मरबल्लभ घिमिरे |

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको साराशः**
देश आर्थिक मन्दिबाट गुजिरहेको अवस्था र निर्माण क्षेत्रको विकासको गति अत्यन्त न्यून रहेको अवस्था भएता पनि कम्पनीले आ. व. २०७९।०८० मा रु. ५९,४७,८३,६१४। मुनाफा आर्जन गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । साथै गत बर्षसम्मको संचित मुनाफा Retained Earnings बाट १४.२५ प्रतिशत वोनस शेयर र ०. ७५ प्रतिशत (कर प्रयोजन समेतका) लागि नगद लाभाँस सहित १५ पन्ध्र प्रतिशतको लाभाँस वितरण गर्ने प्रस्ताव अत्यन्त सकारात्मक रहेको छ । प्रशासनिक र उत्पादन खर्चमा कमी देखिएको छ तर विक्री खर्च बढेको ले मुनाफामा प्रतिकूल परिस्थिती परेको हुंदा विक्री खर्चलाई समेत घटाउन सकिएको भएमा नाफा बढ्ने थियो भनी आ आफ्नो धारण राख्नु भयो । कम्पनीले सहयाक कम्पनी मार्फत होड.शी शिवम् सिमेन्टमा गरेको लगानीको प्रतिफल केहि मात्रामा प्राप्त गरिरहेको भएता पनि ताँहाँबाट धैरै प्रतिफल आउन सके राम्रो हुने थियो । कम्पनीले अन्य क्षेत्रमा समेत लगानी विस्तार र विविधिकरण गर्न उपयुक्त हुने सुझाव दिनु भयो । कम्पनीको मार्केटिंग कष्टलाई समेत कमि गर्न सुझाव दिनुका साथै गुणस्तर नै शिवम्को पहिचान भएकोले उच्च गुणस्तरीयता कायम सधैं गर्न तर्फ ध्यान दिनु पर्ने धारण राख्नु भयो । कम्पनीले व्यवस्थपन पक्षमा ध्यान दिएकोमा प्रतिष्ठित संस्थाहरुले कम्पनीलाई अवार्ड प्रदान गरेकोमा बधाई दिनु भयो । यो शिवम सिमेन्ट कम्पनी प्रतिष्ठित कम्पनी भएको हुनाले उद्योगले प्राप्त गरेको भौतिक लगायतका अन्य उपलब्धीहरु समेत आगामी वार्षिक प्रतिवेदनमा समेट्न सके राम्रो हुने र रोजगारी प्रदान राजस्वमा गरेको योगदानको विवरण समेत राख्न सकिने सुझाव दिनु भयो । कम्पनी ऐन, २०६३ ले तोकेको समय सिमा भित्रै अर्थात पौष महिना भित्रै साधारण सभा आयोजना गरेको भएता पनि आगामी बर्ष कार्तिक मंसिर महिना मा बार्षिक साधारण सभा गर्न सल्लाहा दिनु भयो । आगामी वर्षको व्यापार प्रर्वद्धन र मुनाफा बृद्धिमा विशेष जोड दिन र ग्राहकहरुको सम्बन्धलाई विशेष ख्याल राख्न अनुरोध गर्नुका साथै साधारण सभाको सफलताको शुभकामना दिँदै प्रस्तावित सामान्य र विशेष प्रस्तावहरु पारित गर्न अन्य शेयरधनीहरुलाई समेत आग्रह गरी शुभकामना व्यक्त गर्नु भयो । आदि ।

**११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको जवाफ :**
साधारण सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञाशा, सुझाव, टिप्पणी तथा प्रश्नहरुको जवाफ सभाका अध्यक्ष श्री गौरव गोयल र निजद्धारा तोकिएका प्रबन्ध निर्देशक श्री रघुनन्दन मारुले स्पष्ट रुपमा कम्पनीको समग्र अवस्था हालको बजारको स्थिती, विकास निर्माणका कार्यमा आएको शिथिलता, सरकारी बजेटको हिस्सा विकास निर्माणमा खर्च नहुनु, उक्त अवधिमा बैंकिग तरलताको अभाव, उच्च ब्याजदर, रुस युक्रेन युद्धका कारण राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएको कोइला, डिजेल लगायतको इन्धनमा भएको अत्याधिक मूल्य बृद्धिको प्रभाव, नेपालमा निर्माण उद्योगमा आएको शिथिलता, आर्थिक मन्दिको अवस्था, देशमा सिमेन्ट तथा क्लिड.कर उत्पादन गर्ने उद्योगहरुको अत्याधिक जडित क्षमता का कारण मूल्यमा आएको गिरावट आदि कारणले गर्दा प्रशासनिक खर्च कटौती गर्दा समेत मुनाफामा बढोत्तरी ल्याउन नसकिएको र हामी संचालक तथा व्यवस्थापन सहितको सम्पूर्ण टिम हरदम उद्योगको प्रगतिका लागि प्रयत्न सिल रहेको तथा यहाँहरुको राय, सुल्लाहा, सुझाव , टिप्पणी र शुभकामना समेतलाई स्वभाविक रुपमा ग्रहण गरी क्रमशः कार्यान्वयन गरी शेयरधनीहरुलाई हरेक बर्ष उचित र आर्कर्षक प्रतिफल प्रदान गर्न प्रसाशरत रहने विश्वास दिलाउँदै संचालक समितिको निर्णय बमोजिम सभा समक्ष प्रस्तुत गरिएको वोनस शेयर र नगद लाभाँस सहितको १५ पन्ध्र प्रतिशतको दरले लाभाँस वितरण गर्न गरिएको प्रस्ताव सहितको सामान्य प्रस्तावहरु र विशेष प्रस्तावहरु समेत पारित गरि सभा सम्पन्न गर्न सहयोग पुयाउन आग्रह गर्दै जिज्ञाशा र प्रश्नहरुको जवाफ प्रस्तुत गर्नु भयो ।

**१२. सभाको निर्णयहरुः**

**(क) सामान्य प्रस्तावतर्फको निर्णयहरुः**
**निर्णय नं. १ :** कम्पनी संचालक समितिको तर्फबाट सभामा अध्यक्षज्यूबाट प्रस्तुत आ. व. २०७९।०८० को कम्पनी सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षज्यूबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्यो ।

**निर्णय नं. २ :** कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मशान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०७९।०८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु समेत पारित गरियोस भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वासलात लगायतका सम्पूर्ण वित्तीय विवरणहरु एवं संलग्न अनुसूचीहरु समेतलाई सर्व सम्मततिबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** कम्पनीको आ. व. २०८०।०८१ को आय व्ययको लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले श्री सुवास एण्ड कम्पनी चार्टड एकाउन्टेन्ट्स, काठमाडौंलाई नियुक्ति गर्ने र निजलाई लेखापरीक्षण कार्य गरे वापत रु. १०,००,०००। अक्षेरुपी (दश लाख मात्र) पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

**निर्णय नं. ४ :** कम्पनीमा कायम शेयरधनीहरुलाई आ. व. २०७९।०८० को मुनाफा रकम Retained Earnings बाट चुक्ता पूँजी रु. ४,४०,००,००,०००। (चार अरब चालिस करोड मात्र) को ० . ७५ (शून्य दशमलव सात पाँच) प्रतिशतका दरले हुन आउने रकम रु. ३,३०,००,०००।– (तीन करोड तीस लाख मात्र) (वोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजन समेतका लागि) नगद लाभाँस वितरण गर्ने प्रस्ताव पारित गरिदिन सभा समक्ष प्रस्तुत गरिएकोमा उक्त प्रस्ताव सर्व सम्मतीले पारित गर्ने निर्णय गर्यो ।

**निर्णय नं. ५ :** कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनी वा संस्थासंग गरेको सम्लग्न विवरण बमोजिमको कारोवारलाई अनुमोदन वा पारित गर्न भनी अध्यक्षले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्व सम्मतीले अनुमोदन तथा पारित गरी आगामी दिनहरुमा समेत आवश्यकतानुसार कारोवर गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय भयो ।

**१३. सम्बद्ध संस्थासंग भएको आ. व. २०७९।०८० को कारोवार विवरणः**

| कम्पनी | कारोवार रकम (मू.अ.कर बाहेक) आ.व. २०७९।०८० रु. | वस्तु वा सुविधा |
|---|---|---|
| मोर्डन इन्फ्रास्ट्रक्चर प्रा. लि. | ३४,१२,७७,०६९।०० | चुनढुंगा उत्खनन् तथा ढुवानी |
| अरविन्द इम्पोरियम प्रा. लि. | ३८,६५,४९,९२९।००<br>२,०३,५३४।०० | खरिद<br>विक्री |
| होङशी शिवम् सिमेन्ट प्रा. लि. | १,०३,५४,३५,१८२।०० | खरिद |
| कन्स्ट्रक्सन सोलुशन प्रा. लि. | १,६९,८१५।०० | खरिद |
| टेक्नो जया ज्वयलर्स प्रा. लि. | २,४०,०९,६२२।०० | खरिद |
| सप्तकोशी सिमेन्ट प्रा. लि. | ३,२०,२४,७७५।०० | विक्री |
| पशुपति सिन्थ्याक प्रा. लि. | ३,४०,५५,१२७।०० | खरिद |
| लक्ष्मी लाईम प्रडक्ट्स | २८,२५,१७०।०० | विक्री |

**(ख) विशेष प्रस्तावतर्फको विशेष निर्णयहरुः**
(१) कम्पनी संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०७९।०८० सम्मको मुनाफा रकम Retained Earning बाट चुक्ता पूँजी रु. ४,४०,००,००,०००।- (चार अर्ब चालिस करोड) को १४.२५ %(चौध दशमलव दुई पाँच) प्रतिशतका दरले हुन आउने रकम रु. ६२,७०,००,०००।– ( बैसठ्ठी करोड सत्तरी लाख) बराबरको बोनस शेयर वितरण गर्ने र उक्त वोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी हाल यथावत राख्न विशेष प्रस्ताव पारित गर्न अध्यक्षले सभा समक्ष पेश गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गर्यो ।
२) प्रबन्ध पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव :
(क) विशेष प्रस्ताव तर्फको निर्णय नं. १ मा भएको निर्णय बमोजिम हाल कायम शेयरधनीहरुलाई चुक्ता पूंजी रु. ४,४०,००,००,०००। को १४.२५ प्रतिशतका दरले वोनस शेयर वितरण गरे पश्चात कम्पनीको जारी तथा चुक्ता पूंजीमा बृद्धि भई रु. ५,०२,७०,००,००० अक्षेरुपी (पाँच अर्ब दुई करोड सत्तरी लाख) कायम हुने भएकोले सोही बमोजिम प्रबन्ध पत्र को दफा ६ को (ख) र (ग) संशोधन गर्ने सम्बन्धि विशेष प्रस्ताव सर्व सम्मततिबाट पारित गर्ने निर्णय गरियो । साथै संशोधन पछि कायम हुने प्रबन्ध पत्रको दफा ६ को खण्ड (ख) र (ग) संशोधन सम्बन्धि ३ महले विवरण र संशोधित दफा अनुसार पुंजी बृद्धि कायम गर्ने निर्णय पारित गरियो ।

**(ग) विविध निर्णय तर्फः**
(१) कम्पनीको विशेष प्रस्ताव तर्फका निर्णय बमोजिमको प्रबन्ध पत्र संशोधन अभिलेख प्रमाणित गरिदिन श्री कम्पनी रजिष्ट्रारको कार्यालय लाई अनुरोध गर्ने र संशोधन अभिलेख भए पश्चात उक्त वोनस शेयरहरु श्री नेपाल धितोपत्र वोर्डमा नियमानुसार दर्ता गरी श्री नेपाल स्टक एक्सचेन्च लि. समेत मा सूचिकरण गराउने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।
(२) कम्पनीको नियमित काम कारोवार संचालन गर्नाका लागि आवश्यक पर्ने सबै कार्यहरु गर्न गराउन कम्पनी संचालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय सर्व सम्मतीले पारित गरियो ।

**१४.** अन्त्यमा सभाका सभापति श्री गौरव गोयलज्यूले संचालक समितिको १२३ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ.व. २०७९।०८० को आठौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित गरिएका सबै समामान्य र विशेष प्रस्तावहरु समेत सर्व सम्मतीले पारित गर्न सहयोग पुऱ्याउनु हुने सबै संचालक, शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिँदै शुभ कामना व्यक्त गर्दै १२:१५ बजे सभा विसर्जन गर्नु भयो ।

प्रमाणित गर्नेः

| | |
|---|---|
| कम्पनी सचिव | सभाका सभापति, अध्यक्ष |
| (लेखनाथ अर्याल) | (गौरव गोयल) |

मितिः २०८०।०९।२७ गते ।